सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९

चलानी नं. :-

**बिषय : कृषि विकास कार्यक्रम(पकेट/ब्लक) का लागि प्रस्ताव आव्हानको सूचना ।**

सूचना नं.: ०१/०७८-०७९

सूचना प्रकाशित मिति : २०७८/०७/०८ गते

उपरोक्त सम्बन्धमा सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखा को आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ५०% लागत साझेदारीमा सञ्चालन हुने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना(PMAMP) को साना व्यावसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रममा सहभागी हुन सिद्धलेक गाउँपालिका भित्रका दर्ता भएका ईच्छुक कृषक समूह/कृषि सहकारी/बन उपभोक्ता समिति/कृषि फार्महरुबाट यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन भित्र अर्थात (मिति २०७८/०७/०८ गतेदेखि २०७८/०८/०५ गते भित्र) यस गाउँपालिकाको कृषि विकास शाखामा संलग्न ढाँचा अनुसारको कार्यबिधिमा तोकिएको ढाँचामा कागजातहरु (अनुसूची ६ र ७ ) अनुसारको रितपूर्वक प्रस्ताव सहितको निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताबहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशील**

| सि.नं. | कार्यक्रमको नाम | लक्ष्य | क्षेत्रफल | तोकिएको बाली बस्तु | साझेदार संस्था | बिनियोजित रकम रु. | पकेट कार्यक्रमका न्युनतम आधारहरु |
|---|---|---|---|---|---|---|---|
| १. | राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली बस्तुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम सञ्चालन । | हेक्टर | १५ | मकै | कृषक समूह/कृषि सहकारी /जल/बन उपभोक्ता समिति/ कृषि फार्महरु | १२ लाख | परिच्छेद-४ को दफा ४.१.४ मा उल्लेख भए अनुसार कम्तिमा १५ हेक्टर चक्लाबन्दी क्षेत्रफल हुनुपर्ने |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

(१) रु. १० को हुलाक टिकट टाँस गरी कार्यबिधिमा तोकिएको ढाँचामा प्रस्ताव सहितको निवेदन माग फारम

(२) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फार्महरुले दर्ता प्रमाण पत्र तथा नविकरण पछिल्लो समयको तिरेको करचुक्ता, स्थायी लेखा नम्बर(प्यान) प्रमाणपत्र र संस्थाले योजना माग गरेको सम्बन्धमा कार्यसमितिको निर्णय प्रतिलिपी ।

(३) सम्बन्धित संस्थाले जिम्मेवारी तोकेको व्यक्तिको नागरिकताको प्रतिलिपी ।

(४) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको करारनामा पत्र ।

(५) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

बिस्तृत जानकारीको लागि सिद्धलेक गाउँपालिका कृषि विकास शाखामा सम्पर्क गर्न हुन ।

सम्पर्क व्यक्तिहरु - श्री छबिलाल गुरुङ्ग - ९८५११९०४१८, श्री इरिसा पाटामगर -९८६८८३६८८१

**बोधार्थ**

सूचना प्रबिधि शाखा - वेभसाईटमा अपलोड गरिदिनु हुन ।

नन्दलाल शर्मा

प्रमुख प्रशासकीय अधिकृत